## मिति २०८० चैत्र ३० गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : प्रमुख प्रशासकीय अधिकृतको स्वागत एवं कार्यकाल सफलताको शुभकामना सम्बन्धमा ।

प्रस्ताव नं. २ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. ३ : अपाङ्गता भएका व्यक्तिको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन कार्यविधि, २०८० को जानकारी एवं प्रस्ताव माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ : योजना सम्झौताको अवधि एवं उपभोक्ता समितिको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. ५ : निर्माणाधिन १५ शैयाको मेलम्ची प्राथमिक अस्पताल सम्बन्धमा ।

प्रस्ताव नं. ६ : अदालतको फैसला कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. ७ : योजनाको वोलपत्र आह्वान गर्ने संबन्धमा ।

प्रस्ताव नं. ८ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगकको परिपत्र सम्बन्धमा ।

प्रस्ताव नं. ९ : रोजगार रणनीति सम्बन्धमा ।

प्रस्ताव नं. १० : लक्षित वर्ग कार्यक्रमको लागत साझेदारी सम्बन्धमा

प्रस्ताव नं. ११ : उपभोक्ता समितिबाट कार्यान्वयन गरिने योजना सम्बन्धमा

प्रस्ताव नं. १२ : नगर बाल अधिकार सिमतिको निर्णय अनुमोदन सम्बन्धमा

प्रस्ताव नं.१३ : बजेट व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १४ : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. १५ : तालिम संचालनका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १६ : भोटेचौर पर्यटकीय पूर्वाधार निर्माण योजनाको म्याद थप सम्बन्धमा ।

प्रस्ताव नं. १७ : नि.प्रमुख प्रशासकीयस्तरबाट गरिएका प्रशासनिक कार्यहरुको अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १८ : नमूना विद्यालय छनौटका लागि मापदण्ड निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १९ : शुभकामना प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २० : योजना तर्जुमा प्रक्रियाको तालिका स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २१ : कार्य सञ्चालन कोषको चौमासिक प्रगती समिक्षा सम्बन्धमा ।

नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७२

## निर्णयहरु

निर्णय नं. १ : सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट यस मेलम्ची नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा भई आउनु भएका अशोक कुमार भट्टराईलाई स्वागत गर्नुको साथै निजको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : नगर कार्यपालिकाको मिति २०८०/११/०८ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका वैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरू तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गरियो ।

निर्णय नं. ३ : बागमती प्रदेश सामाजिक विकास मन्त्रालयबाट जारि गरिएको अपाङ्गता भएका व्यक्तिका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन कार्यविधि, २०८० को सम्बन्धमा आजको यस कार्यपालिका वैठकमा जानकारी गराइयो । साथै, उक्त कार्यविधि बमोजिम अपाङ्गता सम्बन्धी कार्यक्रमहरु संचालनका लागि बामगती प्रदेश सरकारबाट रु. ३,००,०००|– (अक्षरुपी तीन लाख रुपैयाँ मात्र) बजेट प्राप्त भएको हुँदा उक्त बजेट कार्यान्वयनका लागि कार्यविधि बमोजिम अपाङ्गता भएका व्यक्तिहरुबाट संचालित संस्थाबाट प्रस्ताव माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिकाको १५ औं नगर सभाबाट विनियोजन भएका एवं सो भन्दा अगाडि विनियोजन भई सम्झौता हुन बाँकी रहेका सम्पूर्ण योजनाहरुको सम्झौता अवधि मिति २०८० वैशाख १० गतेसम्म थप गर्ने निर्णय गरियो । साथै, यस नगरपालिकाबाट बजेट विनियोजन भई कार्यान्वयनमा रहेका एवं भुक्तानी लिन बाँकी रहेका उपभोक्ता समितिको म्याद मिति २०८० वैशाख मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिकाको १५ शैयाको मेलम्ची प्राथमिक अस्पताको भवन निर्माणका लागि मिति २०७७/१२/१७ मा मेलम्ची नगरपालिकाले सूर्य चन्द्र प्रेरा जे.भी., काठमाडौंसंग ठेक्का सम्झौता गरी कार्यादेश प्रदान गरेकोमा निज कम्पनीले निर्धारित समय भित्र अस्पताल निर्माणको कार्य सम्पन्न गर्न नसकी मिति २०७९/११/२८ गतेको कार्यपालिका वैठकको निर्णयानुसार मिति २०८०/०५/३० गतेसम्म म्याद थप गरिएकोमा उक्त समय सिमा भित्र सम्बन्धित निर्माण कम्पनीले निर्माण कार्य सम्पन्न गर्न नसकी म्याद थपका लागि पुन: निवेदन पेश गरेकोमा मिति २०८०/०५/१९ गतेको कार्यपालिका वैठकले निज कम्पनीलाई सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम जरिवाना लगाई प्रति दिन सम्झौता रकमको ०.०५% का दरले क्षतिपूर्ति बेहोर्ने गरी उच्चतम २०० दिन समयावधी थप गरेकोमा निर्माणाधिन अस्पतालको भवनको केही संरचना, बाउन्ड्री वाल, डाक्टर आवास र अस्पताल परिसरको संरचनामा डिजाईन परिवर्तन भएकोले यस

नगरपालिका र सम्बन्धित निर्माण व्यवसायी बीच आपसी छलफल गरी सार्वजनिक खरिद नियमावली २०६४ को १३ औं संशोधनको नियम १२० (क) बमोजिम यस अघि भएको कार्यपालिकाको निर्णयबाट लगाइएको जरिवानाको यथावत हुने गरी उक्त ठेक्का अवधि मिति २०८१ मंसिर मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ : भूकम्प अति प्रभावित १४ जिल्लाका सामुदायिक विद्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुमा नेपाल टेलिकमको फाइबर नेट जडानका लागि ठेक्का आव्हान भई श्री अल्ट्रा नेट कम्युनिकेशन प्रा.लि., बनेपासंग मू.अ.कर सहित रु. ६८,२६,३३०।– (अक्षरुपी अठसठी लाख छब्बिस हजार तीन सय तीस रुपैयाँ मात्र) मा मिति २०७९/१०/०४ गते कार्य सम्पन्न गर्नेगरी मिति २०७९/०७/०४ मा सम्झौता भएकोमा मिति २०८०/१०/२६ गते बसेको नगर कार्यपालिकाको वैठकबाट निज कम्पनीले निर्धारित समयमा कार्य सम्पन्न नगरेकोले कालो सूचीमा राख्ने प्रक्रिया अगाडि बढाउने निर्णयको बिरुद्धमा उच्च अदालत पाटनमा नगरपालिकालाई विपक्षी बनाई मुद्दा दायर गरेकोमा सम्मानित अदालतबाट ३० कार्यदिन भित्र कार्य सम्पन्न गर्ने गरी कार्य गराउन आदेश भएकोले उक्त आदेश कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रदेश सरकार वाट विशेस अनुदान मा प्राप्त मेलम्ची फट्टे बस्ती संरक्षण, मेनपा ११ निर्माण कार्य हाल सम्म उक्त स्थानमा नगरपालिकाको आन्तरिक श्रोत बाट पक्की पुल राख्ने भनि निर्णय भएको र प्रदेश वाट प्राप्त रकम समेत उक्त पुलको डिजाइन सग मिल्दो गरि कार्यान्वयन गर्ने भनि हाल सम्म योजना कार्यान्वयनमा नगएको तर नगरपालिका वाट वनाउने पुलको हाल सम्म पनि फाइनल डिपिआर कपि प्राप्त नभएको र प्रदेश वाट प्राप्त योजना आर्थिक बर्षको अन्त्यमा फ्रिज हुने हुदा उक्त समयाबधि भित्रै कार्य गर्न Ebid मार्फत बोलपत्रको सूचना जारी गर्दा सात दिनको समयाबधि दीइ सूचना प्रकाशन गरि योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ५०४६७ मिति २०८०/१२/०५ र च.नं. Div2-51416 मिति २०८०/१२/८ को पत्रको सम्बन्धमा कार्यपालिका वैठकमा जानकारी गराइयो ।

निर्णय नं. ९ : मेलम्ची नगरपालिकाको स्थानीय रोजगार रणनीतिक योजना (आ.व. २०८०/०८१ देखि २०८४/०८५ सम्म) को विषयमा आजको कार्यपालिका वैठकमा छलफल गरि सोही रणनीति बमोजिम कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : मेलम्ची नगरपालिकाबाट बजेट विनियोजन भई कार्यान्वयन हुने लक्षित वर्गका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्नको लागि सम्बन्धित लक्षित वर्गका संघ/संस्थाहरुबाट अनिवार्य रुपमा कार्यक्रम बजेटको १० प्रतिशत लागत साझेदारी बेहोर्ने गरी कार्यक्रम संचालन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : मेलम्ची नगरपालिकाबाट बजेट विनियोजन भएका देहाय बमोजिमका योजनाहरु सम्बन्धित उपभोक्ता सिमितिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | विनियोजित कूल बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | बुमन्साङ, प्यानोबारी, थाङ्गेपा, तालम्रा, कदिमल सडक कालोपत्रे मे.न.पा ४ र ६, मेनपा ६ | २५ लाख | |
| २ | ईन्द्रावती घुमाउने नदी नियन्त्रण, मेनपा १३ | २५ लाख | |
| ३ | प्रतिष्ठान टार पिपलबोट मोटर बाटो, मेनपा ११ | ४० लाख | |
| ४ | मेलम्ची बजार पार्क निर्माण, मेनपा ११ | २५ लाख | |

निर्णय नं. १२ : मेलम्ची नगरपालिका अन्तर्गत नगर बाल अधिकार समितिको मिति २०८०/११/०८ गते र मिति २०८०/१२/२८ गतेको बैठकबाट निर्णय भएका देहाय बमोजिमका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

(क) बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट जारी गरिएको स्थनीय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन आ.व. २०७७/०७८ बमोजिम आमाबाबु बिहिन बालबालिकाहरुको संरक्षणको लागि बागमती प्रदेश सरकारबाट रु. ६,००,०००।– (अक्षरुपी छ लाख रुपैयाँ मात्र) बजेट प्राप्त भएको हुँदा उक्त रकम नगर बाल अधिकार समितिले सिफारिस गरेका यस मेलम्ची नगरपालिका भित्रका २५ जना बाबु आमा बिहिन बालबालिकाहरुको पठन पाठन एवं संरक्षणका लागि प्रति व्यक्ति मासिक रु. २०००।– का दरले रकम उपलब्ध गराउने निर्णय गरियो।

(ख) मेलम्ची नगरपालिकामा निवेदन प्राप्त भई नगर बाल अधिकार समितिले निर्णय गरेका १८ जना आर्थिक अवस्था कमोजर एवं विपन्न बालबालिकाहरुको पठन पाठन एवं संरक्षणको लागि मेलम्ची नगरपालिकाको मेलम्ची नगरस्तरीय बाल संरक्षण कोष खातामा प्राप्त भएको ब्याज रकमबाट प्रति बालबालिका मासिक रु. १०००।– का दरले १८ जना बालबालिकाहरुको जम्मा रु. २,१६,०००।– रकम उपलब्ध गराउने निर्णय गरियो ।

(ग) मेलम्ची नगरपालिका स्थायी बसोवास भई नगरपालिका क्षेत्र भित्र सरकारी निकाय, सामुदायिक विद्यालय एवं विभिन्न संघ/सस्थामा कार्यरत कर्मचारीहरुले आफ्ना बालबालिकाहरु सामुदायिक विद्यालय र अन्तर्गत पठनपाठन नगराई निजी क्षेत्रका विद्यालयहरुमा पठन पाठन गराइरहेको परिप्रेक्ष्यमा सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर दिनप्रतिदिन कमजोर हुँदै गएको हुँदा सरकारी कोषबाट तलब भत्ता एवं सुविधा प्राप्त गर्ने सम्पूर्ण जनप्रतिनिधिहरु, शिक्षक एवं कर्मचारीहरुले आफ्ना बालबालिकाहरुलाई सामुदायिक विद्यालयमा पठनपाठन गराउन आव्हान गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ : मेलम्ची न. पा. को भौगोलिक विकटता, वडा तथा वस्ति स्तरमा न.पा.बाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमको स्थलगत अनुगमन तथा निरीक्षणको कार्य प्रभावकारी रुपमा गर्नुपर्ने भएकाले वडा नं ३

बाट सोहि प्रयोजनको लागि एक थान अफरोड मोटरसाइकल माग भएको सन्दर्भमा विविध सावजनिक निर्माण शिर्षकमा रहेको रकम मध्ये बाट एक थान मोटरसाइकल खरिदको लागि रु ८५००००।०० मोटरसाइकल खरिद शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. १४ : मेलम्ची नगरपालिका अन्तर्गतको वडा कार्यालयमा विनियोजन भएको बजेट तथा योजना संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नगर सभाबाट स्वीकृत भएको साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | मर्दल टोल बिष्ट टोल पँधेरो संरक्षण तथा प्रतिक्षालय निर्माण (साविक १ र ३) , मेनपा ९ | ३,००,०००।– | हल्दार टोल डाँडाटोल खानेपानी योजना , मेनपा ९ | ३,००,०००।– |
| २ | बिन्दवासिनी मन्दिर निर्माण, मेनपा ११ | ७,००,०००।– | पञ्चकन्या सामुदायिक भवन मर्मत, मेनपा ११ | ७,००,०००।– |
| ३ | डुँडेखोला मुसुरे अर्यालटोल खानेपानी, मेनपा ४ | ५,००,०००।– | ओख्रेनीचौर सामुदायिक संस्था सामग्री खरिद, मेनपा ४ | ५,००,०००।– |
| ४ | ओख्रेनी सिंढी निर्माण, मेनपा ४ | १०,००,०००।– | ओख्रेनी सडक स्तरोन्नती तथा गोरेटो बाटो निर्माण, मेनपा ४ | १०,००,०००।– |
| ५ | पुरानो स्वास्थ्य चौकी भवन मर्मत, मेनपा १३ | ४,००,०००।– | प्रतिक्षालय निर्माण डाँडाथोक, मेनपा १३ | ४,००,०००।– |
| ६ | तल्लो जैसीगाउँ घुम्ती गुरुङगाउँ ठाडो खोला पुल, मेनपा ३ | १५,००,०००।– | तल्लो जैसीगाउँ घुम्ती हुँदै गुरुङगाउँ मोटर बाटो, मेनपा ३ | १५,००,०००।– |
| ७ | बहु आयामिक सामुदायिक भवन निर्माण मेलम्ची –२ | ५०,००,०००।– | पञ्चकन्या बहुउद्देश्यीय सामुदायिक संस्था भवन निर्माण, मेनपा ९ चांखु । | ५०,००,०००।– |
| | | | | |

निर्णय नं. १५ : मेची पोलिटेक्निकल इन्स्टिच्युट प्रा.लि., दमक झापाको मिति २०८०/१२/२५ को पत्रबाट यस मेलम्ची नगरपालिका भित्रका व्यक्तिहरुलाई इलेक्ट्रियसियन तालिम संचालन गर्न अनुमति माग गरेको र त्यसैगरी,

पिरामिड टेक्निकल इन्ष्टिच्युट प्रा.लि.ले मेलम्ची नगरपालिका भित्रका व्यक्तिहरुलाई किचन हेल्पर तालिम संचालनका लागि अनुमति माग गरेको हुँदा यस नगरपालिकासंग प्रत्यक्ष समन्वय गरी तालिम संचालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १६ : मेलम्ची नगरपालिका वडा नं. १ स्थित भोटेचौर एकिकृत पर्यटन पूर्वाधार निर्माण गर्नको लागि यस नगरपालिका र सुनकोशी/वल्ड वाइड/आकाश जे.भी. बीच मिति २०७९/०२/१७ मा सम्झौता भई कार्य भइरहेकोमा उक्त पर्यटन पूर्वाधारको कार्य निर्धारित समय भित्र सम्पन्न गर्न नसकी कार्यपालिकाको निर्णयबाट मिति २०८०/०८/१५ गतेसम्म म्याद थप गरिएको र उक्त अवधि भित्र प्राविधिक लागत अनुमान बमोजिमका सम्पूर्ण कार्यहरु सम्पन्न भएको छ। हाल उक्त निर्माण कम्पनीको म्याद समाप्त भई योजना फर फारकको लागि कठिनाई उत्पन्न भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को १३ औं संशोधनको नियम १२० (क) बमोजिम उक्त ठेक्का अवधि मिति २०८१ वैशाख १५ गतेसम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं. १७ : प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिको समयमा मेलम्ची नगर कार्यपालिकाको दैनिक प्रशासनिक कार्य संचालनका लागि नि.प्रमुख प्रशासकीय अधिकृतस्तरबाट गरिएका सम्पूर्ण प्रशासनिक कार्यहरुको अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १८ : मेलम्ची नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरु मध्ये नगरपालिकाको नमूना विद्यालय छनौट गर्नको लागि आवश्यक मापदण्डहरु निर्माण गर्न शिक्षा शाखालाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. १९ : नयाँ वर्ष २०८१ को पावन अवसरमा सम्पूर्ण नगरवासीहरुको सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना सहित देश तथा विदेशमा रहनु भएका सम्पूर्ण नगरवासीहरुमा शुभकामना प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. २० : मेलम्ची नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि नीति, कार्यक्रम तथा बजेट निर्माण गर्न तपसिल बमोजिमको योजना तर्जुमा प्रक्रियाको तालिका स्वीकृत गर्ने र सोही बमोजिम कार्यान्वयन गर्न सम्बन्धित समिति तथा शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | कार्य विवरण | मिति | जिम्मेवारी |
|---|---|---|---|
| १ | राजस्व, श्रोत अनुमान तथा कुल बजेट सीमा र मार्गदर्शन निर्धारण र स्वीकृति | २०८१/०१/०२ गतेदेखि २०८०/०२/२९ गते सम्म | स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति |
| २ | बस्ती तथा टोलस्तरमा आयोजना तथा कार्यक्रम छनौट तथा सिफारिस | २०८१/०२/३० गतेदेखि २०८०/०३/०२ गते सम्म | वडा समिति |

| | | | |
|---|---|---|---|
| ३ | वडास्तरीय आयोजना तथा योजना प्राथमिकीकरण गरी नगरपालिकामा पेश गर्ने | २०८१/०३/०३ गते | वडा समिति |
| ४ | नगरपालिकामा प्राप्त योजना तथा कार्यक्रमको विषय क्षेत्रगत सुची निर्धारण | २०८१/०३/०४ गते | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ५ | विषय क्षेत्रगत सुची उपर विषयगत समितिहरुमा छलफल तथा प्राथमिकीकरण तथा सिफारिस | २०८१/०३/०५ र ०६ गते | बिषयगत समिति |
| ६ | प्राथमिकीरण भई पेश भएका योजना तथा कार्यक्रम उपर छलफल तथा सिफारिस | २०८१/०३/०७ गते | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ७ | नीति, कार्यक्रम तथा बजेट निर्धारण गरी नगर कार्यपालिकामा पेश गर्ने | २०८१/०३/०८ गते | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ८ | नगर कार्यपालिकाद्धारा स्वीकृत गरी सभामा सिफारिस गर्ने | २०८१/०३/०९ गते | नगर कार्यपालिका |
| ९ | नीति, कार्यक्रम तथा बजेट उपर छलफल | २०८१/०३/१० गते | नगर सभा |

निर्णय नं. २१: कार्य सञ्चालन कोषको दोश्रो चौमासिक खर्च तथा भौतिक प्रगती माथी छलफल तथा समिक्षा गरीयो ।